# झापा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

टाघनडुब्बा, झापा

प.सं.: २०८२/८३
च.नं.:

कोशी प्रदेश, नेपाल ।

**सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**सूचना नं. - ०५/०८२-०८३, मिति २०८२/०४/०२**

झापा गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयमा रिक्त रहेका तपशीलका पदहरुमा प्रचलित कानुन बमोजिम खुल्ला प्रतिस्पर्धाद्वारा कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले तोकिएको मिति भित्र राजश्व बुझाई सो को रसिद सहित तोकिएको ढाँचामा यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा उपस्थित भई वा अनलाईन मार्फत दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धीत सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत
२०८२/०४/०२

तपशिल:

| क्र.स | विज्ञापन नं. | विज्ञापनको किसिम | पद | माग पद संख्या | कार्यक्षेत्र | उमेर | सेवाको प्रकृति | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०१/०८२-०८३ | खुल्ला | MIS Operator<br>तह- पाँच | १(एक) | झापा गाउँपालिकाको कार्यालय | १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष) | करार | ५००/- |
| २. | ०२/०८२-८३ | खुल्ला | पद-Sub-Engineer वा सो सरह<br>तह- पाँच<br>सेवा-इन्जिनियरिङ<br>समुह- सभिल<br>उपसमुह- जनरल | १(एक) | झापा गाउँपालिको कार्यालय | १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष) | करार | ५००/- |

क. परीक्षाको किसिम :- लिखित र अन्तर्वाता

ख. परीक्षा मिति:- अर्को सूचना द्वारा तय गरिनेछ

ग. परीक्षा केन्द्र:- झापा गाउँकार्यपालिकाको कार्यालय टाघनडुब्बा झापा।

घ. दरखास्त दस्तुर बुझाउने विधि र स्थान :- गाउँ कार्यपालिकाको कार्यालयमा उपस्थित भई वा कुनै बैकं मार्फत SuTRA बाट सृर्जित भौचरबाट गाउँपालिकाको देहायको विवरणको आन्तरिक राजश्व खाता

झ. दरखास्त फारम पाइने स्थान:- झापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय टाघनडुब्बा झापा वा कार्यालयको वेभसाइट www.jhapamun.gov.np मा गई करार सेवा पदका लागि दरखास्त फारम डाउनलोड गर्न सकिने छ ।

ञ. दरखास्त फारम बुझाउने स्थान;- झापा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय टाघनडुब्बा, झापा वा pra.jhapamun@gmail.com मा बुझाउन सकिनेछ ।

ट. दरखास्त फारम साथ पेश गर्नुपर्ने कागजातहरु:- आवेदक स्वयमले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरु

- आफूले दरखास्त दिन चाहेको पदको विज्ञापन नं. खुलाई दिएको निवेदन,
- तोकिएको आवेदन फारममा विवरण भरि फोटो समेत टाँस गरि १(एक) प्रति,
- नेपालि नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,
- तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि ,
- कार्य अनुभव भएमा सो खुल्ने कागजातहरु ।

ठ.विस्तृत जानकारीका लागि: सम्पर्क नं. ९८६२३७३१४३

द्रष्टब्य;

क) कार्यालय द्वारा तोकिएको म्याद भित्र पेश नभएका वा न्यूनतम योग्यता नपुगेका वा तोकिएको अन्य विवरण नखुलेका वा तोकिएको दस्तुर नबुझाइएका दरखास्त स्वीकृत गरिने छैन ।

ख) लिखित परीक्षाम उतिर्ण हुने उमेरद्वारले अन्तरवार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक भनि उल्लेख गरिएका कागजातहरुको सक्कत प्रतिका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ग) दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उमेरद्वारले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको Equivalence निर्धारण गराएको हुनुपर्नेछ ।

घ) पाठ्यक्रम तथा अन्य व्यव्स्था MIS Operator पदको लागि लोकसेवा आयोगले रा.प.अन.प्रथम श्रेणी नायब सुब्बा वा सो सरहको पदको प्रथम चरणको प्रारम्भिक परिक्षाका लागि हाल लागु गरेको पाठ्यक्रम तथा झापा गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७९ मा आधारित हुनेछ ।

.......................
गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत
०८२/०८/०२

- राजश्व खाताको विवरण
- कार्यालय कोड :- ८०१०११२१२
- राजश्व शिर्षक:-१४२२४
- राजश्व शिर्षकको नाम:- परीक्षा शुल्क
- बैंक खाता नं. २०२२०५०५१२५१४०१४
- खाताको नाम:- आन्तरिक राजश्व खाता
- खाता रहेको बैंक :- NIC Asia Bank, Jhapa Bazar Branch

ङ. दरखास्त दस्तुर बुझाउने अवधि:- दरखास्त दिन पाउने अन्तिम मिति सम्म (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)

च. दरखास्त दिने अन्तिम मिति:- मिति-२०८२/०४/१६ गते कार्यालय समय भित्र

छ. तलब र पारिश्रमिक प्रचलित नियम तथा कार्यालयको निर्णय बमोजिम

ज. आवश्यक न्यूनतम योग्यता

१. MIS Operator पदका लागि ;-

- मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाणपत्र वा सो सरह हासिल गरेको,
- मान्यता प्राप्त संस्थाबाट न्यूनतम ६ महिनाको कम्प्युटर सम्बन्धी आधारभुत तालिम लिएको,
- भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरि कुनै कारबाही नभएको,
- नैतिक पतन देखिने गरि फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

२. Sub-Engineer (Civil) पदका लागि:-

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण,
- भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरि कुनै कारबाही नभएको,
- नैतिक पतन देखिने गरि फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत
०८२/०४/०२